# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

### केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७७।०१।२८

## प्रेस विज्ञप्ति

वीरगन्जस्थित नयाँपत्रिका दैनिकका सम्वाददाता एवं सामुदायिक रेडियो नारायणी एफएममा कार्यरत पत्रकार तिवारी यादवलाई प्रहरीले पक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

वीरगन्जको लिंकरोडस्थित एफएम स्टेशनको प्रवेशद्वार नजिकै सडकपेटीमा मोटरसाइकल पार्किङ गरेको निहुँमा आज दिउँसो २:०० बजे प्रहरीले पत्रकार यादवलाई लछारपछार गर्दै एफएम स्टेशनकै प्रवेशद्वारबाट पक्राउ गरी प्रहरी भ्यानमा राखेर जिल्ला प्रहरी कार्यालय लगेको छ ।

मोटरसाइकल पार्किङ गरेकै बहानामा स्वतन्त्र रुपमा काम गरिरहेका पत्रकारलाई पक्राउ गरिनु प्रेस स्वतन्त्रतामाथिको ज्यादती हुनुका साथै प्रचलित कानुनको समेत उपहास भएको महासंघ ठान्दछ । महासंघ प्रहरी ज्यादतीको कडा शब्दमा भर्त्सना गर्दछ । घटनामा संलग्न प्रहरीमाथि कारबाही गर्न र पक्राउ परेका पत्रकारलाई अविलम्ब रिहा गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न तथा भयरहित पत्रकारिता गर्ने वातावरण निर्माण गर्न महासंघ सम्बन्धित निकायसँग माग गर्दछ ।

**रमेश विष्ट**

**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org